जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

एक कदम अगाडि

Jaleshwor Today National Daily

बर्ष १३ • अंक ३ • २०८२ कार्तिक ९ गते आईतवार • 26 Oct. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-









# सूर्यको आराधना गरी मनाउने पर्व छठ

कार्तिक शुक्ल चतुर्दशीका दिनबाट शुरु हुने छठ पर्व सूर्यको आराधना गरी नेपाल र भारतका विभिन्न क्षेत्रमा मनाइने गरिन्छ । अत्यन्तै श्रद्धा र निष्ठाका साथ व्रत बसी अस्ताउँदो सूर्य र उदाउँदो सूर्यलाई पूजा गरी यो पर्वलाई हर्षोल्लासका साथ मनाइने गरिन्छ । यो एउटा यस्तो चाड हो जसमा डुब्न लागेको सूर्यको साथै उदाउँदो सूर्यको पनि आराधना गर्ने गरिन्छ । समाजमा उदाउँदो वा प्रतिष्ठीत व्यक्तीलाई सबैले ढोग्छन् सम्मान गर्छन् तर डुब्न लागेको घाम गरीब तथा बेसहारालाई कसैले हेर्दैनन् तर यस पर्वले जुनसुकै अवस्थामा पनि सबैलाई समान व्यवहार गर्नुपर्छ भन्ने सन्देश दिएको छ । त्यस्तै सूर्यले सबै प्राणीहरूलाई समानरूपमा प्रकाश दिन्छ त्यसैले सबैमाथि समान व्यवहार गर्नुपर्छ भन्ने सोच विकास गर्नका लागि सूर्यको पूजा गरिन्छ ।

वर्षको दुई पटक चैत र कार्तिक महिनामा धुमधामका साथ मनाइने यस पर्वमा चोखो र शुद्धाशुद्धिमा अत्यन्तै ध्यान दिईने गरिन्छ । विधी विधान अनुसार मनाएमा आफ्ना सम्पूर्ण कष्ट हटेर जाने जनविश्वास रहि आएका छन । छाला सम्वन्धी रोग निदानका लागि, पुत्र प्राप्तिका लागि र भाकल पूरा गर्न मानिसहरू भक्तिमा लिप्त भएर नजीकैको पोखरी जलाशय कुण्डमा गई यस दिन छठ पूजा गर्दछन् । छैठको पूजा गर्दा उखु, केराको बोट, बेसार, अदुवा, नरिवल, जौ, भुसुवा, ठेकुवा, फलफूल, मिठाई जस्ता सामग्रीको आवश्यकता पर्दछ । सम्पूर्ण प्राणीलाई विना कुनै भेदभाद समान शक्ति, ताप र किरण दिने समानताको प्रतीक सूर्यको यसै महिमालाई आत्मसात गर्दै सूर्यको पूजा प्रार्थना र आराधना तन, मन लगाएर चार दिनसम्म गरिन्छ ।

# उद्घाटन भएको ५ महिनासम्म पनि बसपार्क सञ्चालन आउन सकेन

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, ८ कार्तिक**

उद्घाटन भएको पाँच महिनासम्म पनि बसपार्क सञ्चालन आउन सकेको छैन । बसपार्क सञ्चालनमा आउन नसकेपछि राजविराज बजारको मुख्य सडकमा सवारी साधनहरूको पार्किङ भइरहँदा सर्वसाधारणले सास्ती भोग्दै आउनु परेको छ ।

स्थानीय जनप्रतिनिधि, यातायात व्यावसायी, प्रशासनिक निकाय, जेनजी लगायतबिच पटक-पटक छलफल हुँदा समेत पूर्ण सहमति हुन नसकेपछि यातायातका साधनहरूलाई मनपरि तरिकाले सडकमै पार्किङ गर्दै आएपछि सर्वसाधारणले सास्ती व्यहोर्नु परेको छ । राजविराज २ मा रहेको सुविधासम्पन्न बसपार्क उद्घाटन भएपछि सडकमै पार्किङको समस्या समाधान हुने विश्वास लिए पनि सडकमा जताततै पार्किङ कायम रहेकाले पैदल यात्रु, गाडीमा यात्रा गर्ने सर्वसाधारण, स्थानीय व्यापारीसहित विभिन्न पक्षले सास्ती भोग्दै आउनु परेको राजविराज २ का युवा अभियन्ता चन्दन यादवले बताउनुभयो । उहाँले भन्नुभयो, "यातायात व्यवसायीहरूको पुरानै सोच र लागेको बानीका कारण बसपार्कबाट बस सञ्चालन हुन नसकेको हो ।" यातायात व्यवसायीहरूले वर्षौदेखि नगरको मुख्य सडकबाट बससहित अन्य सवारी साधन सञ्चालन गर्दै आएको मोहका



कारण बसपार्कबाट यातायातका साधन सञ्चालन गर्नुपर्ने विषयमा सकारात्मक परिवर्तन गर्न नसकेकोल उहाँले बताउनुभयो ।

राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत प्रविनले बसपार्क सञ्चालनका लागि पटकपटक बैठक बसेर कात्तिक १ गतेदेखि सञ्चालनमा ल्याउने सहमति भए पनि यातायात व्यवसायिले अहिले पनि बसपार्कबाट यातायातको साधन सञ्चालन नगरेको बताउनुभयो । उहाँले भन्नुभयो, "यातायात व्यवसायीको अधिकांस माग सम्बोधन भए पनि बसपार्कको टेन्डर कार्यविधि अनुसारपछि गर्ने गरी तत्काल बसपार्क सञ्चालन गर्ने सहमति भए पनि सञ्चालन हुन सकेन् ।




# माछा बजार क्षेत्रमा एक पुरुषको शव फेला



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ८ कार्तिक**

महोत्तरीको गौशालामा एक पुरुषको शव फेला परेको छ । इलाका प्रहरी कार्यालय गौशालाको अनुसार गौशाला नगरपालिका-५, माछा बजार क्षेत्रमा एक पुरुषको शव फेला परेको हो । स्थानीयले शनिवार विहान शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । खबर पाउना प्रहरी टोली घटनास्थल पुगेर आवश्यक मुचुल्का उठाइ शव परिक्षणको लागि प्रादेशिक अस्पताल जलेश्वर पठाएको इप्रका इन्चार्ज इन्स्पेक्टर रमेश लामाले बताउनु भयो । उहाँले फेला परेको शव सर्लाहीको हरिपुर्वा नगरपालिका-९, मिर्चिया बस्ने २५ वर्षीय रामानन्द बैठाको रहेको जानकारी दिनु भयो ।

स्थानीयका अनुसार, मृतक बैठा करिब ३-४ वर्षदेखि गौशालास्थित विभिन्न होटलहरूमा काम गर्दै जीविकोपार्जन गर्दै आएका थिए । केही समयदेखि उनी ज्वरो आएर स्वास्थ्य समस्याबाट पीडित रहेको थियो ।

## तपाईको टुडे

मेष: लामो यात्राको योग छ
वृष: अनावश्यक खर्चको संभावना
मिथुन: पिछडेको साथी मिल्ने
कर्कट: विचार गरेर बोल्नुहोला
सिंह: आम्दानी हुने
कन्या: खानपानमा समस्या आउने
तुला: मनमा पछुतो आउने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: पढाईमा ध्यान दिनुपर्ने
मकर: अशुभ समाचार प्राप्त हुने
कुम्भ: शुभ कार्यको शुरुवात
मीन:अनावश्यक चिन्ता

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महावीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# डुङ्गा डुब्दा कम्तीमा १४ आप्रवासीको मृत्यु

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ८ कार्तिक



टर्किएको बोड्रम रिसोर्ट नजिकैको एजियन सागरमा डुङ्गा पल्टिँदा कम्तिमा १४ आप्रवासीहरूको मृत्यु भएको स्थानीय गभर्नरको कार्यालयले जनाएको छ।

"उक्त दुर्घटनामा १४ जना गैरकानुनी रूपमा आएका आप्रवासीहरूको मृत शरीर फेला परेको छ," मुग्ला प्रान्तको गभर्नरको कार्यालयले एक्समा जनाएको छ। घटनाबारे तटरक्षकलाई शुक्रबार बिहान आपतकालकालिन सहयोगका लागि जानकारी गराइएको तर सहयोगका लागि टोली पुग्दा धेरै जनाले ज्यान गुमाइसकेको बताइएको छ । उद्धारकर्मीले दुई जीवित व्यक्तिलाई उद्धार गरेका छन् । उनीहरूमध्ये एकले भने, "डुङ्गामा १८ जना सवार थिए डुङ्गामा पानी पस्न थालेको १० मिनेटपछि डुङ्गा डुबेको घटनामा पौडी खेली जीवन जोगाउन सफल एक व्यक्तिले भने । उनी पोडी खेल्दै सेलेबी टापुमा उत्रन सफल भएका थिए।

बाँचेकामध्ये एक जना अफगानी नागरिक रहेको गभर्नरको कार्यालयले जनाएको छ भने जीवित अर्को एक र मृतक सबैको राष्ट्रियता अहिलेसम्म खुलाइएको छैन।

# खैरामा 'स्नेह केन्द्र' सञ्चालन : महिला मैत्री सुरक्षित स्थलबाट सेवा सुरू

आरजे इर्शाद शेख
महोत्तरी, ८ कार्तिक



ओरेकको आयोजनामा तथा जलेश्वर नगरपालिकाको समन्वयमा खैरा, जलेश्वर नगरपालिका-३ स्थित दलित वस्तीमा स्नेह केन्द्र (महिला मैत्री सुर क्षित स्थल) सञ्चालनमा आएको छ।

'विपद्मा घर मात्रै होइन, मन पनि भत्किन्छ' भन्ने मूल नाराका साथ सञ्चालन गरिएको उक्त केन्द्रले विपद्को अवस्थाबाट प्रभावित महिलाहरूको मनो-सामाजिक सुदृढीकरणका साथै सुरक्षित आवास र पौष्टिक आहार उपलब्ध गराउने उद्देश्य लिएको छ।ओरेकले सञ्चालन गरेको सो केन्द्रबाट उच्च जोखिममा रहेका करिब ४० देखि ५० जना गर्भवती तथा सुत्केरी महिला र साना बालबालिकाहरूले दैनिक आवास, पौष्टिक खाना तथा मनोपरामर्श सेवाको सुविधा पाउने भएका छन्।

स्नेह केन्द्रको उद्घाटन जलेश्वर नगर पालिका-३ का वडा अध्यक्ष रत्नकुमार चौधरीको अध्यक्षतामा तथा नगर प्रमुख सुरेश साह सोनारको प्रमुख आतिथ्यतामा सम्पन्न भयो। कार्यक्रममा महिला तथा पुरुष वडा सदस्य, जिल्ला प्रहरी कार्यालयका प्रतिनिधि, महिला मानव अधिकार र क्षक सञ्जाल महोत्तरीकी अध्यक्ष काजल नागवंशी, सचिव साधना वर्मा, थर्ड एलाईन्सका प्रदेश संयोजक अर्जुन साह, जलेश्वर नगर महिला मानव अधिकार रक्षक सञ्जालकी अध्यक्ष सुनिता झा, पिपरा सञ्जालकी अध्यक्ष रागनी मिश्र, स्थानीय समाजसेवी, शिक्षक, महिला अधिकार कर्मी तथा सेवा लिने गर्भवती, सुत्केरी महिला र किशोरीलगायत करिब ५० जनाको उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन ओरेक मधेश प्रदेश संयोजक विणा सिंहले गर्नुभयो भने केन्द्रको व्यवस्थापन ओर ेकका मनोविमर्शकर्ताहरू दिपकामना मिश्र र रम्भा सरदारसहित महिला मानव अधिकार रक्षकहरूले गरेका थिए। "दलित समुदायको सशक्तीकर णका लागि केन्द्र महत्वपूर्ण" – मेयर सोनार नगर प्रमुख सुरेश साह सोनार ले स्नेह केन्द्रले दलित समुदायका महिला र किशोरीहरूलाई शिक्षा र सशक्तीकरणतर्फ प्रेरित गर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "यो वस्तीका धेरै महिलाहरूले आफ्नो नाम पनि लेख्न जान्दैनन्। ओरेकले यस केन्द्रमार्फत उनीहरूलाई हस्ताक्षर गर्न र आधारभूत सीप सिकाउने कार्य गर ोस्। त्यसका लागि पालिकाबाट काँपी र कलम उपलब्ध गराइनेछ।" साथै उहाँले वस्तीमा नागरिकता र जन्मदर्ता सम्बन्धी समस्या अझै गम्भीर रहेको भन्दै त्यसको तथ्याङ्क संकलन गरी बहस र पहल गर्न अनुरोध गर्नुभयो। वडा अध्यक्ष रत्नकुमार चौधरीले आफू यही वस्तीको निवासी भएको र यो दलित समुदायको सहयोगबाट विजयी भएको स्मरण गर्दै भन्नुभयो, "म उनीहरूको हितका लागि सधैं अग्रसर रहनेछु, कुनै पनि सहयोगमा पछि हट्नेछैन।" महिला मानव अधिकार र क्षक सञ्जाल महोत्तरीकी अध्यक्ष काजल नागवंशीले ओरेकले विपद्को बेला महिलाको जोखिम, नेतृत्व र अधिकारका विषयमा निरन्तर तालिम दिँदै आएको बताइन्। उनले भनिन्, "'स्नेह' शब्दले नै माया र आत्मीयता झल्काउँछ। अब यो केन्द्रबाट दलित वस्तीका महिलाहरूले स्नेह, सेवा र सुरक्षाको अनुभव गर्नेछन्।"ओरेकले सञ्चालन गरेको स्नेह केन्द्रले समुदायमा रहेका कमजोर, उत्पीडित र जोखिममा रहेका महिलाहरूका लागि सुरक्षित स्थान, परामर्श, पौष्टिक आहार तथा सिप विकासका अवसर उपलब्ध गराउने लक्ष्य लिएको छ।




# 'मुन्ना भाइ ३' बन्ने पक्का, स्क्रिप्टमा काम भइरहेको अर्शद वारसीको खुलासा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ८ कार्तिक



बलिउड अभिनेता अर्शद वारसी र सञ्जय दत्तको फिल्म 'मुन्ना भाइ एम.बी.बी.एस.' र 'लगे रहो मुन्ना भाइ' मा देखिएको दोस्तीले लाखौं दर्शकको मन जितेको थियो र दुवै फिल्म व्यावसायिक रूपमा सफल भए।

त्यसबेलादेखि नै फ्यानहरू मुन्ना र सर्किटको जोडीलाई फेरि देख्न आतुर छन्। 'मुन्ना भाइ ३' अब नबन्न पनि सक्छ भनेर बताएका अर्शदले हालै 'स्क्रिन' नामक संस्थालाई दिएको अन्तर्वार्तामा फिल्मको बारेमा नयाँ अपडेट दिएका छन्। सञ्जय दत्तसँग काम गर्नु आफ्नो लागि 'अद्भुत अनुभव' रहेको बताउँदै अर्शदले भने, 'सञ्जुको अभिनय क्षमता गजबको छ, उनी बिलकुलै फरक प्रतिभा हुन्। उनीसँग सँगै हुँदा निकै रमाइलो हुन्थ्यो।' सञ्जय दत्तको स्मरण शक्तिको बारेमा अर्शदले एउटा किस्सा सुनाए। 'म त त्यस्तो व्यक्ति हुँ, जसलाई पूरै स्क्रिप्ट र ठुलो कथावस्तु याद गर्न गाह्रो हुन्छ।

तर, मैले सञ्जयका लागि पूरै कथा याद गर्नुपर्थ्यो, किनकि म उनलाई सम्झाउन सक्थेँ। किनभने उनी हरेक दिन सेटमा आएर सोध्थे, 'यार, आज हामी के गर्दैछौं ?' त्यसपछि मैले उनलाई भन्थेँ कि आज हामी यो दृश्य गर्दैछौं, हिजो त्यो गरेका थियौं, त्यसअघिको दृश्य त्यो हो, र अब आउने दृश्य यो हो।' 'मुन्ना भाइ ३' को पछिल्लो अपडेटः अर्शदले 'मुन्ना भाइ ३' को पछिल्लो अवस्थाबारे पनि बताए। उनले भने, 'तेस्रो भागको कुरा के हो भने, एक समय त यो बन्दै बन्दैन भन्ने थियो, तर अहिले राजु (राजकुमार हिरानी) साँच्चै यसमा काम गरिरहेका छन्।

उनी गम्भीरतापूर्वक यसमा लागिपरेका छन्, र अब यो बन्ने जस्तो देखिन्छ।'


# टी२० को लयलाई लिग टु मा पनि निरन्तरता दिने नेपालको लक्ष्य

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ८ कार्तिक



लगातार दोस्रोपटक अनि समग्रमा तेस्रोपटक टी-२० विश्वकपमा छनोट भएर नेपाली क्रिकेट टोली अब आईसीसी विश्वकप लिग टु अन्तर्गत यूएई र अमेरिकासँगको शृंखला खेल्न यूएई पुगिसकेको छ।

गत साता विश्वकपमा छनोट भएर नेपाली समर्थकहरूलाई खुसी दिएको नेपाली टोलीले अब लिग २ मा गरेको पुनरागमनको बाटोमा अघि बढेर अर्को सफलता हासिल गर्ने लक्ष्यमा हुनेछ। लिग २ को यस शृंखला यही २६ अक्टोबरदेखि ५ नोभेम्बर (९-१९ कात्तिक) सम्म यूएईमा हुँदैछ। नेपालले पहिलो खेल २६ अक्टोबरमा अमेरिकासँग खेल्नेछ। त्यसपछि ३० अक्टोबरमा यूएईसँग, १ नोभेम्बरमा अमेरिका र ५ नोभेम्बरमा यूएईसँग खेल्नेछ। टी-२० विश्वकप छनोटमा खेलेका अधिकांश खेलाडी नै नेपालको ओडिआई टोलीमा छन् र लिग २ को उक्त शृंखला खेल्दैछन्। जसका लागि अन्तिम टोली घोषणा भइसकेको छ। विश्वकप छनोटमा खेलेको टोलीबाट मोहम्मद आदिल आलम, सन्दीप जोरा र लोकेश बम बाहिरिँदा अनिल साह, भीम सार्की र शाहब आलम टोलीमा भित्रिएका छन्। अधिकांश खेलाडी निरन्तर खेलमा सक्रिय नै रहेको हुँदा नेपालका लागि ती खेलाडीहरूको लय राम्रो हुनु फाइदाको विषय पनि हो।



# छठ पर्व सुरु भएसँगै जनकपुरधामसहित धनुषा जिल्लाका स्थानीय बजारमा केराको माँगमा अत्यधिक वृद्धि

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ८ कार्तिक**

छठ पर्व सुरु भएसँगै जनकपुरधामसहित धनुषा जिल्लाका स्थानीय बजारमा केराको मांग अत्यधिक वृद्धि भएको छ। बजारमा केराको कारोबार बढेको छ।

छठका लागि केराको अनिवार्य माग भएकाले उल्लेखनीय रूपमा बिक्री बढेको फलफूल व्यवसायीले बताएका छन्। छठ पर्वमा भगवान् सूर्यलाई अर्घ्य अर्पण गर्न प्रयोग हुने मुख्य प्रसाद 'केरा' को सिङ्गैघरीको माग जनकपुरधामसहित स्थानीय बजारमा अत्यधिक बढेको केरा व्यापारी जनाएका छन्।



अहिले स्थानीय महेन्द्रनगर, ढल्केवर, वीरेन्द्रबजार, गोदार, सबैला, बटेश्वर, लक्ष्मीनियाँका बजारमा केराको कारोबार बढेको छ। त्यसैगरी जनकपुरधामलगायत मुख्य बजारदेखि ग्रामीण हाटबजारसम्म अहिले केरा किन्ने ग्राहकको भीड लागेको छ। छठमा केराको माग उच्च हुने र आपूर्ति कम हुँदा हरेक वर्ष आयातमा वृद्धि गर्नुपर्ने जनकपुर फलफूल तथा तरकारी व्यवसायी समितिका अध्यक्ष विश्वेश्वर यादवले बताए। उनका अनसार यस वर्ष व्यापारीले भारत र अन्य जिल्लाबाट ठूलो परिमाणमा केरा खरिद गरी गोदाममा भण्डारण गरेको बताए।

गोदाममा पर्याप्त मात्रामा केरा उपलब्ध भएकाले यसपटक व्रर्तालुलाई केराको अभाव नहुने अध्यक्ष यादवले बताए। केराको माग बढेसँगै मूल्यमा भने वृद्धि भएको छ। क्षीरेश्वरनाथ नगरपालिका-५ का रमेश गुप्ताका अनुसार अहिले स्थानीय बजारमा केराको प्रतिघरी मूल्य रु ६०० सयदेखि रु एक हजारसम्म पुगेको छ, जुन गत वर्षको तुलनामा उल्लेखनीय रूपमा बढी हो।

छठ पर्वका लागि मधेस प्रदेशको राजधानी जनकपुरधाममा केरा भारतबाट आयात गरिएको छ। स्थानीयस्तरमा मागअनुसार उत्पादन नभएपछि बाहिरबाट केरा मगाउनु परेको फलफूल व्यवसायीको भनाइ छ। महेन्द्रनगरका जीवन फ्रुट सेन्टरका सञ्चालक जीवन साहले भने, 'यस वर्ष झण्डै ७२ ट्रक केरा भित्र्याइएको छ।' जनकपुरमा गोपाल र वंशीभोग जातका केरा सप्तरीको भारदह, भान्टाबारी तथा इनरुवाबाट भित्र्याइएको छ। मालभोग, मिरिचमान, चिनी चम्पा जातका केरा भारतको आसाम, गोहाटी, बङ्गाल, हाजिपुर, ठाकुरगञ्ज र चम्पारणबाट मगाउने गरिएको फलफूल तथा तरकारी व्यवसायी समितिका सचिव भुवनेश्वर पूर्वेले जानकारी दिए। छठ पर्वसँगै गत वर्षको तुलनामा यस वर्ष २५ प्रतिशतले केराको भाउ महँगिएको उनले बताए। "छठ मनाउने सङ्ख्या प्रत्येक वर्ष वृद्धि भएकाले केराको माग पनि बढेको हो, बजारको मागअनुसार गत वर्षको तुलनामा यस वर्ष १५/२० ट्रक बढी केरा मगाइएको छ", उनले भने।

समितिका अध्यक्ष यादवका अनुसार १० चक्काको ट्रकमा एक हजार २०० घरी आउँछन्। प्रतिट्रक बराबर जनकपुरसम्म ल्याउँदाको खर्च रू छ लाख पर्ने उनले जानकारी दिए। बजारमा प्रत्येक केराको घरीलाई रू ५०० देखि एक हजारसम्ममा बिक्री गरिन्छ। नेपालको हरेक क्षेत्रमा स्थानीय जातका केरा उत्पादन हुन्छन्। नेपालमा मालभोग, झापाली मालभोग, बिलियम हाइब्रिड रोवस्टा, बिलियम हाइब्रिडलगायत जातका केराको उत्पादन हुँदै आएको छ। सम्भावना हुँदाहुँदै पनि प्राविधिक समस्याका कारण केराको उत्पादन बढाउन नसकिएको व्यवसायीको भनाइ छ।

# छठ पर्वको लागी ठाँउ-ठाउँमा आकर्षक स्वागतद्वार निर्माण क्रम जारी

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ८ कार्तिक**

मधेश प्रदेशमा लोक आस्थाको महापर्व छठको चहलपहल सुरु भएको छ। सबैतिर जलासयहरूको सरसफाइ र पूजाका लागि घाट निर्माणको कामले गती पाएको छ। ठाँउ ठाउँमा आकर्षक स्वागत द्वार निर्माण गरिने क्रम जारी छ।



बजार र चोकहरू छठ पूजाका सामग्रीहरू बाँसले बुनेका ढाकी, नाङ्लो, सुपली र माटाका घैली, ढकना, पालाहरूले भरिन थालेका छन्। स्थानीय व्यापारीका अनुसार केरा, उखुको लाक्रा, ज्यामिर लगायतका फलफुलको माग पनि बढन थालेको छ। धेरैजसो ठाँउमा स्थानीय भक्तजनहरूबाट स्वस्फुर्त रूपमा सङ्कलन भएका दान दातब्यबाट छठको तयारी गरिएको छ।

कतिपय ठाउँमा भने स्थानीय सरकारको साथ सहयोगले छठ पूजालाई भव्य र सभ्य बनाउने काम अघि बढाइएको छ। बर्दीबासको १, २ र १४ नं वडाको आधा दर्जन तलाउमा छठ पूजाको तयारी सुरु गरिएको छ। बर्दीबास-१४, कामेश्वरनाथ महादेव मन्दिर नजिकको पुरानो तलाउको सरसफाई र सौन्दर्यीकरणको कामले गति पाएको छ। स्वागत द्वार, सरसफाइ, पोखरी सजावट र घाट निर्माण लगाएतका कार्यमा ६-७ लाख रुपियाँ खर्च हुने अनुमान छ।

सबै खर्च स्थानीय सहयोग र दान दातब्यबाट बेहोरिने वडाध्यक्ष विजय महतोले जनाउनुभयो। पोखरीको चारवटै किनारामा ३०० वटा छठ घाट निर्माणको तयारी सुरु गरिएको छ। यस अवसरमा मिथिला संस्कृति र छठ पर्वको महत्त्व दर्शाउने कार्यक्रम आयोजनाको कार्यक्रम तय गरिएको छ।
















प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday